# जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२

## १.१ पृष्ठभूमिः

नेपालको भू-वनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी वर्षा र जलवायु परिवर्तन आदिका कारणबाट नेपालका विभिन्न नदी नालाहरूका जलाधार क्षेत्रमा पहिरो र भूक्षय बढ्न गई हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । एकातर्फ तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले वस्ती र कृषियोग्य जमिन नष्ट भइरहेका छन् भने अर्कोतर्फ पहाडका वेसी, भित्री मधेश तथा तराई क्षेत्रका नदी किनारा कटान तथा डुवानका समस्याहरूदिन प्रतिदिन बढ्दै गइरहेका छन् । नदीकोजल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थितउपयोगले गर्दा यस्ता समस्याहरूथप जटिल बन्दै गइरहेका छन् । बाढी, पहिरोका कारण ब्यापक जनधनको क्षति हुनुका साथै कैयौं परिवार विस्थापित हुन पुगेका छन् । यस्ता समस्याबाट प्रभावित परिवारमा रहेको भूमिको उर्वरा शक्ति क्रमशः क्षय हुनुका साथै प्रकोपको जोखिम बढ्दै जानाले आर्थिक उत्पादन दिनानुदिन घट्दै गइरहेको छ ।

नेपाल सरकारले बाढी, पहिरो रोकथामका प्रयास विभिन्न निकायहरू मार्फत गरिरहेकै छ । मूलतः यसै कार्यका लागि स्थापित जल उत्पन्न प्रकोप नियन्त्रण विभाग बाहेक अन्य पूर्वाधार विकासमा संलग्न सरकारी निकायहरूबाट पनि आफूद्वारा निर्मित संरचनाको संरक्षणको निमित्त बाढी, पहिरो रोकथामसम्बन्धी केही कार्य हुने गरेका छन् । त्यस्तै, स्थानीय निकाय तथा प्रभावित समुदाय एवम् व्यक्तिहरूबाट पनि केही रोकथामका प्रयास हुने गरेका छन् । तथापि विस्थापित परिवारको पुनर्वास; बाढी, पहिरोबाट नष्ट भएको जमिनको उकास; बाढी, पहिरो प्रभावित क्षेत्रको जोखिमको आधारमा गरिने विवेकशील उपयोग; त्यस्ता क्षेत्रमा बाढी, पहिरो पूर्व दिइनु पर्ने चेतावनी; सरकारी एवम् गैरसरकारी निकाय, स्थानीय निकाय, स्थानीय बासिन्दा आदिको बाढी, पहिरो विरूद्ध लड्न सक्ने क्षमतामा अभिवृद्धि लगायतका बाढी, पहिरो प्रभावित क्षेत्र व्यवस्थापन सम्बन्धी विविध पक्षमा अझधेरै ठोस कार्य गर्न जरूरी देखिएको छ ।

विशेष गरी सीमित स्रोत साधनका कारण बाढी, पहिरो रोकथाम एवम् बाढी क्षेत्र व्यवस्थापन र बाढी तथा पहिरो प्रभावित क्षेत्रको वर्गीकरणसम्बन्धी कार्यमा सरकारी प्रयास मात्रपर्याप्त र दिगो हुँदैन । नेपाल सरकारले अङ्गिकार गरेको एकिकृत जलस्रोत विकास एवम् व्यवस्थापन रणनीति अनुरूप जल उत्पन्न प्रकोप व्यवस्थापनलाई समग्र नदी बेसिनको विकास तथा व्यवस्थापन कार्यको एक अंशको रूपमा पर्यावरणीय दृष्टिकोणका अतिरिक्त आर्थिक दृष्टिकोणले पनि सम्भाव्य र दिगो बनाउँदै यसमा नेपाल सरकारका केन्द्रीय एवम् स्थानीय निकाय, गैरसरकारी संस्था, स्थानीय समुदाय आदिका अतिरिक्त निजी क्षेत्रलाई पनि सहभागी गराउन वाञ्छनीय देखिएको छ । यसरी विभिन्न सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्रको संलग्नता र समन्वयबाट गरिनु पर्ने जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य राष्ट्रिय

जलश्रोत रणनीति तथा राष्ट्रिय जल योजनाले जल उत्पन्न प्रकोप क्षेत्रमा अंगिकार गरेका उद्देश्य समेत समेटेर “**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२**” तर्जुमा गरिएको छ ।

## १.२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;

**क**) “**नदी**” भन्नाले जमिनको सतहमा पानीको निकासको क्रममा प्राकृतिक रूपमा प्रभावित हुने नदी, गाड, खोला, खोल्सी र नाला समेतलाई सम्झनु पर्छ र सो शब्दले जल प्रवाह अंशलाई समेत जनाउँछ ।

**ख**) “**जल प्रवाह मार्ग**” भन्नाले सामान्य बाढीको समयमासमेत जलप्रवाह हुने नदीका दुवै किनारा वीचको क्षेत्रलाई सम्झनु पर्दछ ।

**ग**) “**सामान्य बाढीको समय**” भन्नाले दुई दुई वर्षमा पुनरावृति हुने (Two Year Return PeriodFlood) बाढीको समयलाई सम्झनु पर्दछ ।

**घ**) “**जल उत्पन्न प्रकोप**” भन्नाले बाढी, पहिरो, डुवान, पटान, हिम पहिरो आदि कारणले उत्पन्न हुने प्रकोपलाई सम्झनु पर्दछ ।

**ङ**) “**बाढी प्रभावित क्षेत्र**” भन्नाले बाढीको समयमा नदीको पानीले एक वा दुवै स्थायी किनारा नाघी जलमग्न हुने वा हुन सक्ने बस्ती, कृषि भूमि, जङ्गल, आदि भू-भाग र बाढीले छोडेको समयमा बगरको रूपमा परिणत भएको भू-भाग समेतलाई सम्झनु पर्दछ ।

**च**) “**बगर**” भन्नाले दुई वर्ष पुनरावृतिकालकोबाढीले (Two Year Return Period Flood) ढाक्ने वा ढाक्न सक्ने जमिन र सामान्यतया कृषिउत्पादनमा प्रयोग गर्न नसकिने भूमिलाई सम्झनु पर्दछ ।

**छ**) “**उकास**” भन्नाले नदी किनाराका जमिनलाई जलविज्ञानको प्रविधि अनुसार निर्धारित नदीलाई आवश्यक पर्ने जलप्रवाह मार्ग छोडेर उपयुक्त प्रविधि प्रयोग गरी कृषि, बसोबास वा अन्य आर्थिक, सामाजिक, धार्मिक एवम् सांस्कृतिक प्रयोजनको निमित्त त्यस्तो बगरलाई उपयोगमा ल्याउन गरिने व्यवस्थालाई सम्झनु पर्दछ ।

**ज**) “**तटबन्ध**” भन्नाले नदीमा आउने बाढीको पानीलाई किनारा नाघेर आसपासका जमिनमा पस्नबाट रोक्न तथा किनार कटान रोक्न नदीको किनारमा निर्माण गरिने संरचनालाई सम्झनु पर्दछ।

**झ**) “**जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह**” भन्नाले बाढी, पहिरो, नदी कटान तथा जल उत्पन्न प्रकोपबाट प्रभावित उक्त क्षेत्रमा बसोबास गर्ने समूह/समुदायलाई सम्झनु पर्दछ र सो शब्दले प्रकोप प्रभावित उपभोक्ता समूह समेतलाई जनाउँछ ।

ञ) **"स्थानीय निकाय"** भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको गाउँ पालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका तथा जिल्ला विकास समितिलाइ सम्झनु पर्दछ ।

ट) **"पहिरो"** भन्नाले प्राकृतिक तथा मानव सिर्जित कार्यमा मुख्यतया जल तथा भूकम्पको कारणले गुरूत्वाकर्षण भई कुनै पिण्ड (Mass) को तलतिर चलायमान हुने प्रकृया लाइ सम्झनु पर्दछ ।

ठ) **"आपतकालिन नदी नियन्त्रण"** भन्नाले खास गरी वर्षादको समयमा आउने बाढी तथा पहिरोबाट हुने जनधन तथा भौतिक संरचनाहरूको क्षतिलाई तत्काल रोकथाम गरी नदी तथा पहिरो नियन्त्रण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ड) **"साना नदी नियन्त्रण कार्य"** भन्नाले साना प्रकृतिका खोलानाला, खोल्सी, गल्छी तथा गाडमा स्पर, स्टुड, चेक डयाम, तटबन्ध तथा अन्य प्रविधअपनाई गरिने नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ढ) **"मझौला नदी नियन्त्रण कार्य"** भन्नाले नदीको दुवै किनारामा गरी बढीमा दश कि. मि. लम्बाई सम्म तटबन्ध, स्पर, स्टुड तथा अन्य प्रविधि अपनाई गरिने नदी नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ण) **"ठूला नदी नियन्त्रण कार्य"** भन्नाले नदीको दुवै किनारामा गरी दश कि.मि. भन्दा बढीलम्बाई तटबन्ध, स्पर, स्टुड तथा अन्य प्रविधि अपनाई गरिने नदी नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ट) **"साना पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइबढीमा ५० मि. सम्म, लम्वाई बढीमा १०० मि. र क्षेत्रफल (Area) ५००० वर्ग मिटर भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ठ) **"मझौला पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइ ५०-१०० मि. सम्म, लम्वाई १००-२०० मि. र क्षेत्रफल (Area) ५०००-२०००० वर्ग मिटर भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ड) **"ठुला पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइ १०० मि. भन्दा बढी, लम्वाई २०० मि. भन्दा बढी र क्षेत्रफल (Area) २०००० वर्ग मिटरभन्दा बढी भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

## १.३ दृष्टिकोण

मुलुकमा जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्दै जाने यस नीतिको दृष्टिकोण (Vision) रहेको छ ।

## १.४ अवधारणा

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छः

१.४.१ जल उत्पन्न प्रकोपबाट सिर्जित भौतिक तथा आर्थिक हानी नोक्सानीलाई तटबन्ध, स्पर, चेकड्याम,वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जनसहभागितामूलक पद्धति अपनाई न्यूनीकरण गर्दै जाने ।

१.४.२ जल उत्पन्न प्रकोपन्यूनीकरणका लागि निर्माण भएका संरचनाहरूको आवश्यकता अनुसार मर्मत संभार तथा पुनर्स्थापना गर्ने ।

१.४.३ जनसंख्या बृद्धि, आप्रवासन, जलवायु परिवर्तन, अबैज्ञानिक भू-उपयोग तथा जलजन्य प्रकोपका कारण जलाधार, वस्तीटार, ठुला पूर्वाधारहरू (राजमार्ग) र अन्य समुदाय वसोवास गर्ने क्षेत्रमा परेको प्रतिकूल प्रभावको अध्ययन गरी अनुकुलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने ।

१.४.४ विकेन्द्रीकरणको अवधारणा अनुरूप आपतकालीन नदी तथा पहिरो नियन्त्रण कार्यक्रम र व्यवस्थापनमा उपयुक्त प्रविधिको अवलम्वन गरी त्यसमा स्थानीय निकायको संलग्नता बृद्धि गर्ने।

१.४.५ नदी तथा पहिरो नियन्त्रण/व्यवस्थापनमा प्रभावकारीता अभिबृद्धि गर्न संस्थागत सुदृढीकरण तथा जनशक्तिको विकास र परिचालन गर्ने ।

## १.५ उद्देश्य

जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिको उद्देश्य देहाय बमोजिम हुनेछन्:

१.५.१ बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्नु र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक स्रोत साधन एवम् खानेपानी, जलपरिवहन, सिंचाइ, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउने ।

१.५.२. बाढी, पहिरो तथा डुवानबाट प्रभावित हुने क्षेत्रको वर्गीकरण गरी सो अनुरूप वस्ती विकास, आर्थिक क्रियाकलाप र कृषि प्रयोजनको क्षेत्र निर्धारण गर्ने ।

१.५.३. बाढी तथा डुवानबाट जोखिम रहित उकास जग्गाको समुचित उपयोग गर्ने ।

१.५.४ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्र व्यवस्थापनको लागि संस्थागत विकास गर्ने ।

१.५.५ नदी तथा पहिरो व्यवस्थापन कार्यमा संलग्न सरकारी केन्द्रीय तथा स्थानीय निकाय, गैरसरकारी एवम् सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्रको पनि भूमिका स्पष्ट पारी समन्वयात्मढंगले कार्य गर्दै जाने ।

१.५.६ सीमा नदीहरूमा हुने डुवान तथा कटानको समस्या न्यूनीकरण गरी सो क्षेत्रका जनसमुदायमा सुरक्षा र सचेतनाको भावना अभिबृद्धि गर्ने ।

१.५.७ जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरूको उचित मर्मत संभार गरी दीगो र भरपर्दो बनाउने ।

## १.६ नीति

माथिका उद्देश्य प्राप्तिको लागि देहायका नीति अवलम्वन गरिनेछः

१.६.१ बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको चुनौतीलाई सम्बोधन गर्न नियन्त्रणका कार्यक्रमहरू संचालन गर्नुका साथै नदीको जलाधार क्षेत्रको एकिकृत संरक्षणको कार्यक्रम संचालन गर्नको लागि राष्ट्रिय तथा स्थानीयस्तरमा गुरूयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१.६.२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यहरू प्राथमिकताको आधारमा गुरू योजना अनुरूप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गरी सम्वन्धित प्रकोप प्रभावित उपभोक्ता समूह समेतको सहभागितामा संचालन गरिनेछ ।

१.६.३ जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी कार्यक्रम तर्जुमा गर्दा एकिकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्बन गरी बेसिनको अवधारणा अनुरूप गरिनेछ । राष्ट्रिय महत्वका ठुला नदी र ठुला पहिरोका प्रकोप नियन्त्रण कार्यक्रमहरू आन्तरिक तथा बाह्रय स्रोत परिचालन गरी निर्माण गरिनेछ ।

१.६.४ जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यमा जोड दिइनेछ ।

१.६.५ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा अति जोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण गरी सोहि अनुसार प्राथमिकताको आधारमा क्षेत्र निर्धारण गरिनेछ । वर्गीकरण गरिएको क्षेत्रमा सोहि अनुरूप वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू गर्न प्रोत्साहित गरिनेछ ।

१.६.६ जोखिम रहित बगर तथा उकास जग्गाकोसमुचित उपयोग गर्न सकिनेछ ।

१.६.७ जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले चाहेमा सो को उपयोग गर्नु पूर्व नेपाल सरकारको अनुमति अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरिनेछ ।

१.६.८ प्रकोप न्यूनीकरण र नियन्त्रण कार्यक्रमको तर्जुमा, निर्माण तथा व्यवस्थापनमा स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ ।

१.६.९ जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित उपभोक्ता समूहलाई समेत सहभागी गराइनेछ ।

१.६.१० छिमेकी मुलुक भई बग्ने सीमा नदीहरूमा हुने डुवान तथा कटानको समस्यालाई दुवै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ ।

१.६.११ जल उत्पन्न प्रकोपसँग सम्वन्धित अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।

१.६.१२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको प्रभावकारिताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तारमा जोड दिइनेछ ।

१.६.१३ प्रदेश र स्थानीय निकासंग समन्वय र सहकार्य गरी ती निकायलाई जोखिम न्यूनीकरणमा परिचालन गराउन सकिनेछ ।

१.६.१४ जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

१.६.१५ जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा स्रोत, साधनको दोहोरोपना तथा व्यय हुन नदिने नीति अबलम्बन गरिनेछ ।

१.६.१६ यस नीतिमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यकता अनुसार कानुनी र संस्थागत सुधार गरिनेछ ।

## १.७ कार्यनीति :

### (क) आपत्कालीन बचाउ कार्य

१.७.१ जल उत्पन्न प्रकोपबाट हुने क्षतिको आपतकालीन रोकथाम तथा उद्धार कार्य प्रभावकारी बनाउन नदी, जलाधार क्षेत्र र त्यसमा अवस्थित पहिरोको जोखिमपूर्ण तथा बाढी प्रभावित क्षेत्र सम्बन्धी गुणस्तरयुक्त तथ्याङ्क एवम् सूचनाको व्यवस्थापन गरी त्यसलाई मौसम सम्बन्धी तथ्याङ्क एवम् सूचनासँग आवद्ध गरी सम्भावित जल उत्पन्न प्रकोपको पूर्वसूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ । हिमताल विष्फोटन वा तीव्र गतिमा बाढीसँगै हुने गेग्रान वहाव (Debris Flow) र तिनबाट हुन सक्ने क्षति त्यस्ता तथ्याङ्क र सूचनामा समावेश गरिनेछ ।

१.७.२ स्थानीय रूपमा जनस्तरबाट जल उत्पन्न प्रकोपको कारण आपतकालीन समयमा अपनाउनु पर्ने उपायका सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनुका साथै आपतकालीन उद्धार अभ्यास गरिने छ । त्यस्तो अभ्यास कार्यमा र वास्तविक आपतकालीन अवस्थामा पनि जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा स्थानीय प्रशासन, सेना, प्रहरी,स्थानीय निकाय, जनसमुदाय तथा अन्य स्वयंसेवी सामाजिक संस्थाहरू समन्वयात्मक ढङ्गबाट परिचालन गरिनेछ ।

१.७.३ जल उत्पन्न प्रकोपको रोकथाम र त्यस्तो प्रकोपबाट गरिने आकस्मिक उद्धार तथा राहतका लागि देशका विभिन्न ठाउँहरूमा निर्माण सामाग्री, उपकरण लगायतका उद्धार तथा राहत सामाग्रीहरूको व्यवस्था गर्न उद्धार तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।

**(ख) जल उत्पन्न प्रकोप नियन्त्रण कार्य**

१.७.४ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरूको अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्दा वातावरण मैत्री, जलवायु परिवर्तन अनुकुलित र रोजगारी बृद्धि हुने गरी गुरु योजना बनाई मध्यकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ ।

१.७.५ पहिरो नियन्त्रण कार्यक्रम, जनताको तटबन्ध कार्यक्रम, गुरू योजनामा आधारित नदी नियन्त्रण कार्यक्रम, पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम,सदरमुकाम बचाउ जस्ता कार्यक्रमहरूको बिस्तार तथा विकास गरिनेछ ।

१.७.६ जलप्रवाह मार्ग र बाढी प्रभावित क्षेत्रमा निर्माण गरिने विशेष गरी प्रकोप नियन्त्रण गर्ने भौतिक संरचनाहरूको लागि निश्चित मापदण्डहरू निर्धारण गरिनेछ । प्रकोप नियन्त्रणको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा बायोइन्जिनियरिङ्ग सहितका उचित संरचनात्मक तथा जनचेतनामूलक उपायहरू अवलम्बन गरिनेछ ।

१.७.७ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरू बाढी जोखिम नक्सा (Flood Hazard Map) र पहिरो जोखिम नक्सा (Land Slide Hazard Map) अनुरूप मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरी संचालन गरिनेछ ।

१.७.८ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरू संचालन गर्दा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग हुने गरी प्राथमिकताको आधारमा जनसहभागिता समेत परिचालन गरी गरिनेछ ।

१.७.९ ठुला प्रकृतिका प्रकोप नियन्त्रण आयोजनाहरूमा सम्भव भए सम्म वैदेशिक सहयोग तथा अनुदान प्राप्त गरी सम्पन्न गर्न पहल गरिनेछ ।

१.७.१० साना प्रकतिका प्रकोप नियन्त्रण कार्यहरूमा सम्वन्धित प्रकोप प्रभावित उपभोक्ता समूहबाट जनसहभागिता समेत परिचालन गरी गर्न सकिनेछ ।

**(ग) जल उत्पन्न प्रकोप न्यूनीकरण कार्य**

१.७.११ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा वर्गीकरण गरी मापदण्डका आधारमा प्रकोप न्यूनीकरण गरिनेछ ।

१.७.१२ बाढीको प्रकोपको सम्भावना भएका प्रत्येक नदीमा जलप्रवाह मार्ग तथा बाढीको पानी अस्थायी रूपमा रोक्न आवश्यक क्षेत्र (Detention basin) तोकिने छ। बाढी, पहिरोबाट प्रभावित क्षेत्रमा जोखिमको आधारमा बसोबास, खेतीपाती तथा अन्य आर्थिक र सामाजिक क्रियाकलापको निमित्त क्षेत्र निर्धारण गरिनेछ र निषेधित क्षेत्रमा आर्थिक र सामाजिक क्रियाकलाप संचालन हुन नदिन एवं भइरहेका क्रियाकलापलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न आवश्यक ऐन, नियम तर्जुमा गरी लागू गरिने छ ।

१.७.१३ विस्तारै सर्ने पहिरो (Landslide), भीर पाखा भत्किने पहिरो (Slope failure) तथा गेग्रान वहाव (Debrisflow) जस्ता विभिन्न प्रकारका पहिरोहरूको अध्ययन गरी अद्यावधिकतथ्याङ्क (Inventory)राखिनेछ र सो अनुसार प्रत्येक पहिरो जोखिम क्षेत्रको सिमाङ्कन (Zoning) सहितको नक्साङ्कन तयार गरिनेछ । जोखिमयुक्त पहिरोबाट हुने क्षतिको न्यूनीकरण गर्न स्थानीयवासीको सहयोगमा जोखिम न्यूनीकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।

१.७.१४ विस्तारै सर्ने पहिरो (Landslide), भीर भाखा भत्किने पहिरो (Slope failure) तथा गेग्रान वहाव (Debris flow) जस्ता पिण्ड चलायमान (Mass movement) को न्यूनीकरण प्रकृया अलग अलग हुने भएको हुदा सो को सम्वोधन हुने गरी नयां प्रविधिहरूको समय सापेक्ष रूपले विकास गरिनुको साथै सरोकारवालालाई अद्यावधिक तालीम तथा सूचना प्रणालीमा सहभागी गराइनेछ ।

१.७.१५ पहिरो प्रकोप जोखिम नक्साङ्कनको आधारमा स्थानीयबासीको सुरक्षाको लागि पूर्व सूचना प्रणालीको विकासको साथै जोखिम रहित स्थानको पहिचान गरी क्षति न्यूनीकरण गरिनेछ ।

**(घ) पहिरो, बाढी क्षेत्रको वर्गीकरण**

१.७.१६ पहिरो, बाढी क्षेत्र तथा जाखिम क्षेत्रको देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

१.७.१६.१ पहिरोकोवर्गीकरणदेहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

अ) बिस्तारै सर्ने पहिरो(Landslide)
आ) भीर पाखा भत्किनेपहिरो (Slope Failure)
इ) गेग्रान बहाव(Debris flow)

१.७.१६.२ पहिरो जोखिम क्षेत्रकोवर्गीकरणदेहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

अ) अति जोखिम क्षेत्र (Zone 1)

आ) सामान्य जोखिम क्षेत्र (Zone 2)

इ) न्यून जोखिम क्षेत्र (Zone 3)

१.७.१६.३ भिरालो जमिनको वर्गीकरण देहाय बमोजिम हुनेछ यस सम्वन्धी विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

अ) ३०$^{\circ}$ वा सो भन्दा कम भिरालो जमिन

आ) ३०$^{\circ}$ र ४५$^{\circ}$ बीचको मध्यम भिरालो जमिन
इ) ४५$^{\circ}$ भन्दा बढी अति भिरालो जमिन
ई) चुरे (सिवालिक) क्षेत्र

१.७.१६.४ बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको वर्गीकरण देहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची ४ र ५ मा उल्लेख गरिएको छ ।

अ) बगर क्षेत्र
आ) अति जोखिमपूर्ण क्षेत्र
इ) जोखिमपूर्ण क्षेत्र
ई) सामान्य जोखिमपूर्ण क्षेत्र
उ) जोखिमरहित क्षेत्र

१.७.१७ बाढीको पुनरावृति काल (Return Period) को आधारमा बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको वर्गीकरण गरिनेछ । सो अनुरूप जोखिम क्षेत्रको सिमाङ्कन गर्ने कार्य निरन्तररूपमा सबै नदीहरूको गरिदै जानेछ । बाढीको पुनरावृति काल (Return Period) अनुरूप बाढी अनुमान गर्दा जलवायु पविर्तन (Climate Change_ लाई समेत मध्यनजर गरी गरिनेछ ।

१.७.१८ बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको मापदण्ड अनुरूपको वर्गीकरण शुरू गर्दा जनताको तटबन्ध कार्यक्रम, पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम र गुरू योजनामा आधारित नदी नियन्त्रण कार्यक्रमका नदीहरूको साथै सिंचाइ मन्त्रालयको निर्णय अनुरूप अन्य नदीहरूको समेत क्रमशः वर्गीकरण गर्दै लगिनेछ ।

१.७.१९ हाल अवस्थित बसोबास, पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक महत्वका संरचनाहरूको संरक्षण गर्दै जाने र नयाँ वस्ती विकास गर्दा नीतिमा उल्लेखित मापदण्ड अनुरूप गरिनेछ ।

१.७.२० बाढी क्षेत्रको सिमांकन (Zoning) र भू उपयोग नीति, २०६९  अनुरूप जमिनको उपयोग नगर्नेलाई सरकारी स्तरबाटप्रदान गरिने सबै सेवा, सुबिधाबाट बन्चित गराउनुका साथै सो क्षेत्रमा बाढी, पहिरो वा डुवानबाट व्यक्तिगत सम्पतिको क्षति हुन गएमा सरकारले क्षतिपूर्ति उपलब्ध नगराउने नीति अवलम्बन गरिनेछ।

१.७.२१ जल उत्पन्न प्रकोपबाटहुने क्षतिलाई सम्बोधन गर्न बिमा गर्ने व्यवस्था क्रमिक रूपमा गर्ने र बिमा गर्दा न्यून आय भएकालाई सरकारले अनुदान दिने कानुनी व्यवस्था गरिनेछ ।

(ङ) **जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह** (ज.उ.प्र.प्र.उ.स.)

१.७.२२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा प्रकोप प्रभावित उपभोक्ता समूहलाई प्रकोप नियन्त्रण सम्बन्धी कार्यको लागि संगठित गराइनेछ । संगठित समूहलाई जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा आवश्यकता अनुसार सहभागी गराइनेछ ।

१.७.२३ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन प्रकोप न्यूनीकरण कार्यको शुरुदेखि नै प्रकोप प्रभावित उपभोक्ता समूह गठन र तिनको क्षमता अभिबृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ ।

१.७.२४ प्रकोप प्रभावित उपभोक्ता समूह गठन गर्दा सम्भव भएसम्म महिला, दलित, उत्पिडित, पिछडिएका वर्ग र जनजातिको समेत उचित प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ ।

१.७.२५ प्रभावित उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम दर्ता एवं नवीकरण गर्ने व्यवस्था गरिनेछ।

१.७.२६ कानून बमोजिम दर्ता भई नवीकरण भएका प्रकोप प्रभावित उपभोक्ता समूहद्वारा जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गराउदा प्रचलित कानूनको परिधि भित्र रहि तयार गरिने कार्यविधिको पालना हुने गरी गराइनेछ ।

(च) **जनसहभागिता**

१.७.२७ साना प्रकृतिका जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्य निजी जग्गामा गर्नु पर्दा सो कार्य सम्भव भए सम्म प्रत्यक्ष फाइदा हुने वा फाइदा पुग्ने सक्नेहरूबाट प्रकोप प्रभावित उपभोक्ता समुह गठन गरी सोही समुहबाट जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गर्न प्राथमिकता दिइनेछ ।

१.७.२८ मझौला तथा ठूला प्रकृतिका जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्यमा आवश्यक पर्ने जग्गा उपलब्ध गराउने जिम्मेवारी/दायित्व सोही क्षेत्रको प्रभावित उपभोक्तासमुहको हुनेछ।

१.७.२९ जल उत्पन्न प्रकोप नियन्त्रणको लागि निर्माण कार्यमा स्थानीय रूपमा आइपर्ने वाधा अड्चन फुकाउने दायित्व प्रभावित उपभोक्ता समूहको हुनेछ । सम्बन्धित निकायले प्रभावित उपभोक्ता समूहलाई आवश्यक सहयोग गर्न सक्नेछ ।

१.७.३० प्रकोप प्रभावित उपभोक्ता समूहले कार्यविधिमा तोके अनुसारको जनसहभागिता वापतको अंश व्यहोर्नु पर्नेछ ।

(छ) **बगर तथा बाढी प्रभावित क्षेत्रको उपयोग**

१.७.३१ भू-उपयोग नीति २०६९ अनुसार बढी जोखिमपूर्ण क्षेत्रमा पार्क, कृषि, वन जस्ता आर्थिक क्रियाकलाप र कम जोखिमपूर्ण क्षेत्रमा आवास, उद्योग, विद्यालय जस्ता आर्थिक तथा सामाजिक क्रियाकलापको निमित्त बाढी प्रभावित क्षेत्रको उपयोग गरिनेछ ।

१.७.३२ नदी नियन्त्रण योजना तयार गर्दा जग्गा उकास/विकास कार्य समेत समावेश गरिनेछ ।

१.७.३३ उकास जमीनमा कृषि, वृक्षारोपण, आमोदप्रमोद लगायत अन्य आर्थिक, सामाजिक तथा सांस्कृतिक उपयोगको लागि नेपाल सरकार, स्थानीय निकाय, अनुमति प्राप्त सरकारी तथा गैरसरकारी संस्था वा निजी क्षेत्रले विकास कार्यहरू सञ्चालन गर्न सक्नेछन् ।

१.७.३४ सार्वजनिक क्षेत्र जस्तै निजी क्षेत्रद्वारा पनि उकास/विकास आयोजनाको प्रतिफल स्थानीय समुदायले पनि प्राप्त गर्न सक्ने गरी संचालन गराइने छ । सार्वजनिक क्षेत्रबाट उकास गरिएका जग्गामा भूमिहिनहरूलाई पुनर्स्थापना गरी रोजगारीमूलक आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

१.७.३५ निजी क्षेत्रले आयोजना सञ्चालन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेको उकास जग्गा एवं आसपासको आवश्यक जग्गा लिज वापतको शुल्क तिरेर प्रयोग गर्न पाउनेछन् । कुनै संघसंस्थाको वा व्यक्तिको निजी स्वामित्वमा भएको जग्गाको हकमा आयोजना सञ्चालन गर्नेले सम्बन्धित व्यक्ति, संघसंस्थासँग सम्झौता गरी जग्गा प्राप्त गर्नुपर्नेछ । यसको लागि नेपाल सरकारबाट अवलम्वन गरिएको सार्वजनिक निजी साझेदारी ढाँचा (PPP model) अनुरूप ठूला तथा मझौला नदीहरूमा नदी नियन्त्रण कार्य गरिनेछ ।

१.७.३६ उकास जग्गामा विकास सम्बन्धी आयोजनाहरू सञ्चालन गर्दा नेपाल सरकारद्वारा संचालित आयोजनाको हकमा प्रचलित कानून बमोजिम मुआब्जा दिई जग्गा प्राप्त गर्न सकिनेछ र निजी क्षेत्रले सञ्चालन गरेको आयोजनाको हकमा सम्बन्धित प्रबर्द्धनकर्ताले जग्गाधनीसँग किनबेच वा अन्य सम्झौता गरी उक्त जग्गा प्राप्त गर्न सक्नेछ । आवश्यकता अनुसार यस कार्यमा नेपाल सरकारले सहयोग गर्नेछ ।

(ज) **संस्थागत व्यवस्था र विकास**

१.७.३७ जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि आवश्यक पर्ने सम्पूर्ण संरचना प्रणाली र पूर्व चेतावनी प्रणाली व्यवस्थापन, मापदण्ड निर्धारण तथा निर्देशिका तयारी, पहिरो तथा बाढीसम्बन्धी जोखिम नक्साहरू तयारी, नदीका आकार प्रकार अनुसार केन्द्रीय र स्थानीय निकायको क्षेत्राधिकार निर्धारण, उकास विकासको लागि अनुमतिपत्र जारी गर्ने कार्यविधि र तत्सम्बन्धी व्यवस्था, आदि कार्य गर्ने प्रमुख जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । उक्त विभागले यस्ता कार्य सम्बन्धित सबै मन्त्रालय, विभाग, स्थानीय निकाय, अनुसन्धानमूलक एवम् शैक्षिक संस्था, गैरसरकारी संस्था, निजी

क्षेत्र, आदिसँग समन्वय गरी गर्नेछ । सिंचाइ मन्त्रालय र जल तथा ऊर्जा आयोगले त्यस्ता कार्यको सुपरिवेक्षण र अनुगमन तथा मुल्याङ्कन गर्नेछन् ।

१.७.३८ जल उत्पन्न प्रकोप नियन्त्रणको लागि उपयुक्त प्रविधि विकासको निमित्त अध्ययन, अनुसन्धान कार्य गरिनेछन् । यस्ता कार्यमा जल उत्पन्न प्रकोप नियन्त्रण विभागले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका अनुसन्धानमूलक संस्थाहरू, विश्वविद्यालयहरू आदिलाई संलग्न गराउन सक्नेछ ।

१.७.३९ जल उत्पन्न प्रकोप व्यवस्थापनको निमित्त सम्बन्धित सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी निकाय र निजी क्षेत्रको समेत क्षमता वृद्धि गरिनेछ । बाढी प्रभावित क्षेत्रका स्थानीय समुदायको प्रकोप व्यवस्थापनको लागि आवश्यक क्षमता वृद्धि कार्यमा विशेष जोड दिइनेछ ।

(झ) **जवाफदेहीता र जिम्मेवारी**

१.७.४० जल उत्पन्न प्रकोप नियन्त्रण कार्य तथा व्यवस्थापन सम्वन्धमा पारदर्शिता अपनाई जल उत्पन्न प्रकोप  नियन्त्रण विभाग र प्रकोप प्रभावित उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी सम्झौता भए पछि सो को आधारमा नेपाल सरकारले बाढी तथा पहिरो नियन्त्रण कार्यमा लगानी गर्नेछ ।

१.७.४१ यस नीति अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका ठुला तथा मझौला खालका नदी नियन्त्रण कार्य गर्ने जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । साना प्रकृतिका नदी नियन्त्रण गर्ने कार्य प्रभावित उपभोक्ता समूह वा प्रचलित कानून बमोजिम अन्य सरकारी निकायको हुनेछ । त्यसै गरी ठूला तथा मझौला पहिरो (Deep-seated landslide) तथा गेग्रान वहावका न्यूनीकरण गर्ने जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । साना पहिरो (Shallow-seated landslide) हरूको न्यूनीकरणका हकमा अन्य सरकारी निकायद्वारा हुनेछ तर अतिबृष्टि भई ठुलो जनधनको क्षति हुन गई स्थानीय निकायबाट नियन्त्रण कार्य हुन सम्भव नभएमा जल उत्पन्न प्रकोप विभागले नियन्त्रण कार्य गर्नेछ ।

(ञ) **वातावरण संरक्षण**

१.७.४२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभाव न्यून हुने गरी नियन्त्रण कार्य सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैरसरकारी र स्थानीय स्तरमा आवश्यक जनचेतना अभिबृद्धि गरिनेछ ।

१.७.४३ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्वन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई मुख्य आधार बनाई प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिनेछ । वातावरणीय

प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेका प्रमुख सुझावहरूलाई नियन्त्रण कार्यसँग आवद्ध गरी संचालन गरिनेछ ।

(ट) **प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन**

१.७.४४ उपलब्ध स्रोत र प्रविधिको प्रभावकारी उपयोग गरी जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गरिनेछ ।

१.७.४५ देशमा विद्यमान जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी अनुभव र सीपलाई जनचेतना प्रवाह गर्न विद्यालयस्तर देखि नै औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न सम्बन्धित निकायसंग समन्वय गरिनेछ । साथै सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा तालिम, अनुसन्धान र कार्यक्षमताको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

१.७.४६ सबै किसिमका जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा नयाँ प्रविधिको विकास, प्रयोग र जनशक्तिको क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गरिनेछ ।

१.७.४७ जिल्लास्तर तथा आयोजनाहरूबाट प्राप्त सूचना तथा तथ्यांकलाई केन्द्रीय स्तरमा एकीकृत गरी उपयुक्त माध्यमबाट सार्वजनिकीकरण गरिनेछ ।

१.७.४८ नयां प्रविधि विकास तथा मानव संसाधन विकासको लागि प्राविधिक तालिम सूचना तथा कार्यान्वयन प्रयोजनका लागि विभिन्न प्रकारका जल जन्य प्रकोपहरूको अध्ययन तथा अनुसन्धानको लागि साइट निमार्ण तथा प्रयोगशालाको अध्यावधिक गरिनेछ ।

(ठ) **समन्वय र सामन्जस्यता**

१.७.४९ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यले चर्चेको क्षेत्रमा भएका रूख विरूवा तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोग र जवाफदेहीता प्रचलित कानून बमोजिम हुनेछ । नदीको दायाँ बायाँ बनेको तटबन्धको डिलमा बृक्षारोपणको सन्दर्भमा सम्बन्धित प्रभावित उपभोक्ता समुहले सम्बन्धित जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय र वन कार्यालयको समन्वयमा काम गर्नेछन् ।

१.७.५० जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको दिगो विकासको निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानीय गैर सरकारी क्षेत्रको संलग्नता बढाउदै प्रभावित उपभोक्ता समूह तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुचाइनेछ ।

१.७.५१ विभिन्न नदी घाटीहरूको जल बहाउ क्षमताको तथ्याङ्कलाई जल तथा मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अद्यावधिक गरिनेछ ।

१.७.५२ जल उत्पन्न प्रकोपव्यवस्थापनसंग सम्बन्धित कार्य विभिन्न विभाग, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरूसँग समन्वय र सहकार्य गरी नदी तथा पहिरो नियन्त्रण कार्यहरू गरिनेछ ।

१.७.५३ जल उत्पन्न प्रकोप व्यवस्थापनसंग सम्बन्धित कार्य विभिन्न विभाग, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरूबाट समेत सम्पादन हुने गरेकोले सो कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकाय बीच समन्वय गर्नका लागि देहाय अनुसारको एक समन्वय समिति रहने छः

| | |
|---|---|
| (क) सचिव, सिंचाइ मन्त्रालय | संयोजक |
| (ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार महाशाखा) | सदस्य |
| (ग) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, विज्ञान तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (च) महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| (छ) महानिर्देशक, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग | सदस्य सचिव |

**(ड) अनुगमन तथा मूल्याङ्कन**

१.७.५४ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको गुणस्तर र प्रभावकारिताको लागि मापदण्ड सहितको केन्द्रीयस्तरमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

१.७.५५ अनुगमन तथा मूल्याङ्कनबाट निर्दिष्ट गरिएका विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

१.७.५६ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यले पुऱ्याएको सेवाको अनुगमन गर्दा जग्गा उकास, तटबन्ध निमार्णबाट जोगिएको जनधनको विवरण, तटबन्ध निमार्णबाट पुग्न गएको यातायातको सुविधा र त्यसको प्रतिफल, प्रभावित समूहको आर्थिक स्थिति जस्ता परिवर्तनलाई हेरिनेछ ।

१.७.५७ जल उत्पन्न प्रकोप नियन्त्रण तथा कार्यक्रम कार्यान्वयनका प्रत्येक तहमा आवश्यकता अनुसार भौगोलिक र ब्यवस्थापकीय सूचना प्रणाली (GMIS) अद्यावधिक गरी अनुगमन र मूल्याङ्वन गरिनेछ ।

१.७.५८ जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी प्रकाशन गरिनेछ ।

## १.८ नीति पुनरावलोकन

यो नीतिलाई हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ तर आवश्यक परेको अवस्थामा सो भन्दा अगावै पनि परिमार्जन गर्न सकिनेछ ।

## १.९ नीतिको कार्यान्वयन व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि देहाय बमोजिम उपाय अवलम्वन गरिने छः

१.९.१ यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि विशिष्टीकृत र बिषयगत कार्ययोजना (Plan of Action) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१.९.२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम तर्जुमा एवं कार्यान्वयनगर्दा यस नीतिलाइ आधारभुत मार्गदर्शनका रूपमा लिइनेछ । जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आयोजना तथा कार्यक्रमको निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम र वजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरिनेछ ।

१.९.३ कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा व्यवस्थापन पद्धतिमा सुधार गर्नका लागि संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार सुदृढीकरण गरिनेछ ।

१.९.४ यस नीतिको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन एवं निर्णय पद्धतिलाई बैज्ञानिक, पारदर्शी र व्यवस्थित गर्नका लागि आवश्यक सूचना प्रणालीको ब्यवस्था गरिनेछ ।

१.९.५ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट आउनेवाधा अवरोधको व्यवस्थापन गर्दै आपसी संवादबाट समस्याको समाधान गरिनेछ ।

१.९.६ कार्यान्वयनमा सार्वजनिक जवाफदेहीता र नागरिक उन्मुखता अभिवृद्धि गर्न नागरिक प्रति उत्तरदायी र सक्षम सेवा प्रवाह गर्ने तथा विकासात्मक अनुपोषण (Developmental Feedback) प्रणालीलाइ सुदृढ तुल्याइनेछ र गुनासो व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

१.९.७ केन्द्रीय तथा जिल्लास्तरमा गरिने कार्यान्वयन समिक्षा गोष्ठी तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस नीतिको कार्यान्वयनको अनुगमन तथा समिक्षा गरिनेछ ।

## १.१० आवश्यक कानून बनाइने

यो नीति कार्यान्वयनको लागि आवश्यक कानुनहरू बनाईने छ ।

### १.११ खारेजी र बचाउ


जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०६२ खारेज गरिएको छ । उक्त नीति बमोजिम भए गरेका काम कारवाहीहरू यसै नीति बमाजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

पहिरोको वर्गीकरण

(१.७.१६.१ संग सम्बन्धित)

| सि.नं. | पहिरोको वर्गीकरण | पहिरो क्षेत्रको विवरण | कैफियत |
|---|---|---|---|
| ४ | बिस्तारै सर्ने पहिरो (Landslide) | बिस्तारै सर्ने पहिरो (Landslide) को फेद (Toe Point) देखि शिरान विन्दु (Crown Point) सम्मको समतल दुरी (Horizontal Distance) (D) जति हुन्छ पहिरोको फेद देखि तल त्यति नै दुरी (Distance) जोडि (2D) सम्म जमिनको जोखिम क्षेत्र किटान गर्नु पर्ने ।साथै पहिरोको दाया वाया तथा शिरान तर्फ अवस्था हेरी १०० मिटरसम्मको परिधि जोखिम क्षेत्र किटान गर्ने (चित्र १ A) | |
| ५ | भीर पाखा भस्किने पहिरो (Slope Failure) | भीर पाखा भस्किने पहिरो (Slope Failure) को अवस्थामा पहिरोको फेदबाट शिरान विन्दु सम्मको उचाई (Vertical Height) (H) जति हुन्छ, पहिरोको फेद देखि थप त्यति नै दुरी (Distance) अथवा (2H)सम्म को समतल दुरी (Horizontal Distance) सम्मको जमिन जोखिम क्षेत्र किटान गर्नु पर्ने ।साथै पहिरोको दायां वायां तथा शिरान तर्फ अवस्था हेरी १०० मिटरसम्मको परिधि जोखिम क्षेत्र किटान गर्ने (चित्र १B) | |
| ६ | गेग्रान वहाव (Debris Flow) | गेग्रान वहाव (Debris Flow) को हकमा १०°देखि २°डिग्री Gradient सम्म गेग्रान वगेर थुप्रन सक्ने र पंखा (Fan) प्रकृतिमा फैलिएर जाने भएको हुंदा गेग्रान वहाव शुरू हुने विन्दु १०°देखि २° डिग्री Gradient सम्मर ६०° डिग्री कोणले ओगटने पंखा (Fan) क्षेत्रलाई जोखिम क्षेत्र किटान गर्नु पर्ने । (चित्र १C) | |




चित्र १: पहिरो तथा जोखिम क्षेत्रको वर्गिकरण

## अनुसूची-२

पहिरो जोखिम क्षेत्रको वर्गीकरण

(१.७.१६.२ संग सम्बन्धित)

| सि. नं. | पहिरो जोखिम क्षेत्रको वर्गीकरण | जमिनको प्रयोग | कैफियत |
|---|---|---|---|
| १ | अति जोखिम क्षेत्र (Zone 1) (चित्र १A,B,C) | नयाँ वस्ती विकास नगर्ने । | पूर्व सूचनाको आधारमा अति सतर्कता अपनाउनु पर्ने |
| २ | सामान्य जोखिम क्षेत्र (Zone 2) (चित्र १ A,B,C) | नया वस्ती विकास नगर्ने । | पूर्व सूचनाको आधारमा सतर्कता अपनाउनु पर्ने |
| ३ | न्यून जोखिम क्षेत्र (Zone 3) (चित्र १ A,B,C) | सतर्कता साथ वस्ती विकास, आर्थिक कियाकलाप तथा कृषि विकास गर्ने | पूर्व सूचनाको आधारमा सतर्कता अपनाउनु पर्ने |

## अनुसूची-३

भिरालो जमिनको वर्गीकरण

(१.७.१६.३ संग सम्बन्धित)

| सि.नं. | भिरालो जमिनको वर्गीकरण | जमिनको उपयोग | कैफियत |
|---|---|---|---|
| १ | ३०° वासोभन्दा कम भिरालो जमिन | कृषि विकास, वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू गर्न सकिने । | |
| २ | ३०° र ४५° बिचको मध्यम भिरालो जमिन | कृषि तथा पशु पालन प्रयोजनको लागि मात्र उपयुक्त हुने । | |
| ३ | ४५° भन्दा बढी अति भिरालो जमिन | वन क्षेत्रको लागि उपयुक्त । | |
| ४ | सिवालिक क्षेत्र (चुरे क्षेत्र) | वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू नियन्त्रण गर्ने । | |

**अनुसूची-४**

बाढी तथा डुवान क्षेत्रको वर्गीकरण

(१.७.१६.४ संग सम्बन्धित)

| सि. नं. | बढी तथा डुवान क्षेत्रको वर्गीकरण | पुनराबृति काल (Return period year) | क्षेत्रको नामाकरण | कैफियत |
|---|---|---|---|---|
| १ | बगर क्षेत्र | २ वर्ष | Z0 | किनारा भरीको पानी (Bank full discharge) |
| २ | अति जोखिमपूर्ण क्षेत्र | २-५ वर्ष | Z1 | |
| ३ | जोखिमपूर्ण क्षेत्र | ५-२५ वर्ष | Z2 | |
| ४ | सामान्य जोखिमपूर्ण क्षेत्र | २५-१०० वर्ष | Z3 | |
| ५ | जोखिम रहित क्षेत्र | १०० वर्ष भन्दा माथि | Z4 | आधार बाढी (Base flood) |

## अनुसूची-५

बाढी तथा डुवान क्षेत्रको जमिनको उपयोग

(१.७.१६.४ संग सम्बन्धित)

| सि नं. | क्षेत्रको नामाकरण | जमिनको उपयोग | कैफियत |
|---|---|---|---|
| १ | Z0 | बगर क्षेत्र | नदी वहावका लागी सुरक्षित क्षेत्र । |
| २ | Z1 | कृषि, वन, सवारी साधन पार्किङ्ग, मनोरंजन क्षेत्र (Recreational park) आदि । | निजि तथा बस्ती विकास निर्माण निषेधित क्षेत्र |
| ३ | Z2 | Z1 का सबै क्रियाकलाप र उच्च plinth मा आवास क्षेत्र बनाउन पाउने । | २५ वर्षमा हुने पुनरावृत्ति कालको बाढी (25year return period flood) + ५० से. मि. |
| ४ | Z3 | Z1 र Z2 का सबै क्रियाकलापको साथै वस्ति विकास, सार्वजनिक भवन, स्कुल, अस्पताल, आपतकालीन केन्द्र आदि । | स्कूल, अस्पताल, र आपतकालीन केन्द्र आदि ५० वर्षमा हुने पुनरावृत्ति कालको बाढी (50 year return period flood) + ५० से.मि. |
| ५ | Z4 | यथा योग्य उपयोग गर्न सकिने | रणनैतिक संरचनाहरू जस्तैः प्रकोपमा प्रयोग हुने आवास (Shelter), ऊर्जा, ठूला उद्योग आदि । |

**नोटः**

क) बाढी सिमांकन निर्धारण गर्न नसकिने क्षेत्रमा नदीको किनारबाट न्युनतम १० मि. छोडनु पर्नेछ ।

ख) तटबन्ध निर्माण भएका क्षेत्रमा पनि सिमांकनलाई निषेधित गरिने छैन ।